नि.प्र.का. सप्तरी द.नं. २२/०४८/०४९

# राजविराज दैनिक

स.जि.हु.का.द.नं. ५/०६४/०६५

वर्ष ३०　　अंक २४१　　२०७८ साल बैशाख १५ गते बुधवार (28 Apr. 2021 Wednesday)　　मूल्य रु. ५/-

**Log on : *rajbirajdainik.com.np***

*यस अंक भित्र :* २ पृष्ठमा : कोरोना कहर : पुन : ... ३ पृष्ठमा : 'सार्वजनिक यातायातमा ... ३ पृष्ठमा भारतमा एक दिनमा तीन लाख ...

**२०७५ साल भदौ १ गते देखि लागू भएको अपराध संहतामा रहेका मुख्य व्यवस्थाहरु**

- जबर्जस्ती करणी गरी ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- क्रुर यातना दिई वा निर्ममतापूर्वक ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने,
- सार्वजनिक रुपमा उपभोग हुने पेय वा खाद्य पदार्थमा विष हाली ज्यान मारेमा आजीवन (जीवित रहेसम्म) कैद हुने ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## सप्तरीमा ४८ को परिक्षण गर्दा चिकित्सकसहित १७ जना संक्रमित



**दैनिक समाचारदाता**
**राजविराज, १४ बैशाख ।**

सप्तरीमा मंगलबार एक चिकित्सकसहित १७ जनामा कोरोना संक्रमण पुष्टि भएको छ ।

स्थानिय गजेन्द्र नारायण सिंह अस्पताल राजविराजमा सोमबार ४८ जनाको परिक्षण गर्दा मंगलबार आएको रिपोर्टमा १७ जना संक्रमित भएको पुष्टि भएको हो ।

योसँगै जिल्लामा कोरोना संक्रमितको संख्या ४६ पुगेको छ जसमध्ये दुई जना कोरोनाबाट निको भएको जिल्ला स्वास्थ्य कार्यालय सप्तरीले जनाएको छ ।

जिल्ला स्वास्थ्य कार्यालयका अनुसार मंगलबार संक्रमण पुष्टि भएकाहरु मध्ये राजविराज नगरपालिकाका ६, हनुमाननगर कंकालिनी नगरपालिकाका ४ तथा शम्भुनाथ नगरपालिका, डाक्नेश्वरी नगपालिका, महदेवा गाउँपालिका, अग्निसाइर कृष्णसवरण गाउँपालिका र रुपनी गाउँपालिकाका एक/एक जना छन् ।

यस्तै १७ जनामा एक जना सिरहा गोलबजारका रहेका छन् । संक्रमित मध्ये चार महिला छन् । संक्रमित सबैलाई होम आइसोलेशनमा पठाइएको जिल्ला स्वास्थ्य कार्यालयले जनाएको छ ।

दुई दिन अघि पनि गरिएको पिसीआर परिक्षणमा एकै टोलका ११ सहित १५ जनामा कोरोना संक्रमण पुष्टि भएको थियो । यता कोरोना संक्रमितको संख्या जिल्लामा दिनानुदिन बढ्दै गएपछि स्थानियमा पुनः त्रास फैलिएको छ ।

यसैबीच स्थानिय प्रशासनले कोरोना संक्रमण समुदायमा फैलिन नदिन सबैले सरकारले तोकेको स्वास्थ्य मापदण्डको अनिवार्य पालना गर्न सर्वसाधारणसम्म आग्रह गरेको छ । सामाजिक दुरी, मास्कको अनिवार्य प्रयोग लगायतका स्वास्थ्य मापदण्ड पालना गर्न गराउन प्रमुख जिल्ला अधिकारी फणिन्द्रमणि पोखरेलको नेतृत्वमा सुरक्षा निकायका प्रमुख र जनप्रतिनिधि सम्मिलित टोली जिल्लाको विभिन्न स्थानमा खटिएका छन् ।

## सवारी दुर्घटनामा दुई जनाको मृत्यु

**दैनिक समाचारदाता**
**विराटनगर, १४ बैशाख ।**

सुनसरी र मोरङको छुट्टाछुट्टै स्थानमा भएको सवारी दुर्घटनामा दुई जनाको मृत्यु भएको छ ।

सोमबार बेलुका ३ बजे सुनसरी ईटहरी २० पानीपिया स्थित कोशी राजमार्गमा धरान आउदै गरेको ना ५ ख ५८२३ नम्बरको ट्रकले सोही दिशा तर्फ जाँदै गरेको प्रदेश १-०२-०४० प ५८२७ नम्बरको मोटरसाईकललाई ठक्कर दिँदा गम्भिर घाईते भएका मोटरसाईकल चालक धनकुटा आले -४ का २० बर्षीय राकेश राईको घोपा धरानमा उपचारको क्रममा मृत्यु भएको ईलाका प्रहरी कार्यालय धरानले जनाएको छ ।

ट्रक प्रहरीको नियन्त्रणमा रहेको र चालक मोरङजा २८ बर्षीय कृष्ण कुमार माझी तत्काल फरार रहेकोले खोजतलास भईरहेको सो कार्यालयले जनाएको छ ।

त्यस्तै सोमबार साँझ साढे ६ बजे मोरङ पथरी शनिश्चरे ७ स्थित उत्तर तर्फ आउदै गरेको मे१त ४१६२ नम्बरको ट्याक्टर आफै अनियन्त्रित भई दुर्घटना हुँदा ट्याक्टर चालक कानेपोखरी ५ चिसाङ का २१ बर्षीय बिनोद अधिकारी गम्भिर घाईते भएका थिए ।

उनको नोवेल शिक्षण अस्पताल विराटनगरमा उपचारको क्रममा बेलुका साढे ८ बजे मृत्यु भएको ईलाका प्रहरी कार्यालय बेलबारी मोरङले जनाएको छ ।

## पिसिआर शुल्क बढी लिने प्रयोगशालालाई कारवाही गरिने

काठमाडौं, १४ वैशाख (रासस) ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड-१९ को पिसिआर परीक्षण शुल्क बढी लिने प्रयोगशालालाई कारवाही गर्ने भएको छ ।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले आज सूचना जारी गर्दै पिसिआरको शुल्क बढी लिने गरेको जनगुनासो मन्त्रालयमा प्राप्त भएकाले त्यस्ता प्रयोगशालालाई कारवाही गरिने जानकारी दिनुभयो ।

उहाँका अनुसार बढी लिएको पाइएमा राष्ट्रिय जनस्वास्थ्य प्रयोगशालामार्फत ती प्रयोगशालालाई परीक्षणको सूचीबाट हटाइने छ । मन्त्रालयले सरकारी प्रयोगशालालाई एक हजार र निजी प्रयोगशालालाई पिसिआर परीक्षण शुल्क दुई हजार तोकेको छ ।

## थप ४ हजार ३ सय ६४ संक्रमित, १८ को मृत्यु

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ बैशाख ।**

नेपालमा कोरोना भाइरसका ४ हजार तीन सय ६४ जना संक्रमित थपिएका छन् । पछिल्लो चौबीस घण्टामा १४ हजार ६७२ जनाको आरटीपीसीआर परीक्षण गरिएकोमा ४ हजार ३ सय ६४ जनामा भाइरसको संक्रमणको पुष्टि भएको हो ।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले कोभिड १९ सम्बन्धी दैनिक विवरण अद्यावधिक गर्दै पछिल्लो चौबीस घण्टामा थपिएका संक्रमितसँगै नेपालमा कोरोनाका कुल संक्रमितको संख्या ३ लाख ७ हजार ९ सय २५ पुगेको छ ।

हाल २६ हजार २ सय २५ जनामा भाइरसको संक्रमण सक्रिय रहेको मन्त्रालयले उल्लेख गरेको छ । पछिल्लो चौबीस घण्टामा १ हजार ९ जनाको एन्टीजेन परीक्षण गरिएकोमा १ सय ६० मा पोजिटिभ पाइएको छ ।

मन्त्रालयका अनुसार पछिल्लो चौबीस घण्टामा ५ सय ५५ जना संक्रमित निको भएका छन् । हालसम्म नेपालमा २ लाख ७८ हजार ५ सय ६ जना संक्रमित कोरोनामुक्त भएका छन् ।

संक्रमित निको हुने दर ९०.५ प्रतिशतमा झरेको छ ।

मन्त्रालयले पछिल्लो चौबीस घण्टामा १८ जना संक्रमितको मृत्यु भएको उल्लेख गरेको छ । कोरोना संक्रमणले नेपालमा हालसम्म ३ हजार १ सय ९४ जनाको मृत्यु भएको हो । हाल २६ हजार २ सय २५ जना आइसोलेशनमा र ५८ जना क्वारेन्टिनमा छन् ।

## मास्क नलगाउनेलाई कारवाही

**दैनिक समाचारदाता**
**राजविराज, १४ बैशाख ।**

स्थानिय प्रशासनको अगुवाईमा कोरोना रोकथाम तथा नियन्त्रणका लागि मास्क खोइ ! अभियान आइतबारदेखी सुरु गरेपछि मास्क नलगाएका ६ सय २४ जनालाई कारवाही गरेको छ । कोरोना माहामारीलाई मध्यनजर गर्दै प्रशासनले चलाएको अभियान अन्तरगत मंगलबारसम्म राजविराजसहित जिल्लाका विभिन्न स्थानहरुमा मास्क नलगाएका ६ सय २४ जनालाई एक सयका दरले जरिवाना काटी कारवाही गरिएको जिल्ला प्रहरी कार्यालय सप्तरीले जनाएको छ ।

जस अन्तरगत जरिवाना स्वरुप कारवाही गरिएकाहरुबाट एक सयका दरले ६२ जार ४ सय रकम राजश्व संकलन भएको डिएसपी माधव प्रसाद काफ्लेले जानकारी दिएका छन् ।

कोराना भाईरसको महामारीको रोकथाम एंव नियन्त्रणको लागी सर्वसाधारण मनिसहरु आफै सचेत भई भिड भाड नगर्ने, अति आवश्यक भन्दा घरबाट बाहिर ननिस्कने, बाहिर निस्किदा मास्कको प्रयोग गर्न प्रशासन कार्यालयले आग्रह गरेको छ ।



## सम्पादकीय ....

# सरकारी स्वास्थ्य मापदण्ड नै अपनाउनु आवश्यक

कोरोना माहामारीको दोश्रो चरण पहिलो चरण भन्दा धेरै घातक भएको छ। दोश्रो चरणको माहामारीका कारण छिमेकी मुलुक भारतसँगै नेपालमा पनि दिनानुदिन संक्रमितको संख्या अत्याधिक मात्रामा बढिरहेको छ। माहामारीका कारण अहिले जनतामा निकै त्रास बढेको छ। जसकारण नेपाल सरकारले मुलुकको विभिन्न जिल्लाहरुमा माहामारी नियन्त्रण तथा रोकथामका लागि निषेधाज्ञा जारि समेत गरेको छ।

अहिले नेपालमा माहामारी तिब्र रुपमा फैलिरहेको अवस्थामा यसप्रति सबैले सावधानी अपनाउनु बाहेकको विकल्प छैन्। माहामारीको पहिलो चरण पश्चात् विभिन्न व्यक्तिहरुले कोरोना भ्याक्सिन लगाए पनि त्यसको खासै असर नभएको देखिएको छ। भ्याक्सिन लगाएका व्यक्तिहरुमा समेत कोरोनाको संक्रमणको पुष्टि भइरहेको छ।

तसर्थ यस्तो अवस्थामा नेपाल सरकारले तोकेको स्वास्थ्य मापदण्ड अनुसार नै सबैले सावधानी अपनाउनु जरुरी रहेको छ। सकेसम्म भिडभाडमा नजाने, जानु परेमा मास्क लगाएर तथा समय समयमा साबुन पानीले हात धुने वा सेनिटाइजर लगाउने जस्ता स्वास्थ्य सतर्कता अपनाउनु अहिलेको आवश्यकता रहेको छ।

# कोरोना कहर : पुन : सुनसान बन्यो सौराहा

चितवन, १४ वैशाख (रासस)।

कोभिड-१९को पहिलो लहरले थिलोथिलो बनेको सौराहाको पर्यटन क्षेत्र पूर्ववत् अवस्थामा फर्कन नपाउँदै पुनःदोस्रो लहर शुरु भएपछि व्यवसायी निरास छन्। पहिलो लहरको कोरोना घट्दै गएपछि व्यवसाय लयमा फर्किँदै थियो।

क्षेत्रीय होटल सङ्घका अध्यक्ष दिपक भट्टराईका अनुसार कोरोनाको प्रभावलाई व्यवस्थापन गर्दै पूर्ववत् अवस्थामा आएका होटल एकाएक बन्द हुँदा सबैमा निरासा छाएको छ। होटलले बिदामा राखिएका मजदूर फिर्ता बोलाएको, मर्मतसम्भार गरेर होटललाई थप सुबिधा सम्पन्न बनाइएको भए पनि कोरोनाको दोस्रो लहरसँगै व्यवसाय ठप्प भएका छन्। अब समस्या नआउने अनुमानसहित व्यवसायीले ऋण थपेर होटलमा लगानीसमेत बढाएका थिए। अधिकांश होटलले ऋण बढाएर बैंकको व्याज तिरेका हुन्। उहाँले भन्नुभयो “अब साउनसम्म व्यवसाय राम्रो होला भन्ने हाम्रो अपेक्षा थियो।” सौराहाका होटलमा धेरै व्यवसायिक कार्यक्रमका लागि बुकिङ् आएका थिए। तीसँगै आन्तरिक पर्यटकका बुकिङ पनि रद्द भएका छन्।

कोभिडका कारण दैनिक रु ८० देखि ८५ लाख नोक्सान सौराहामा बेहोर्नुपरेको उहाँ बताउनुहुन्छ। अघिल्लो वर्षको चैतदेखि होटल बन्द थिए। यसभन्दा अघिल्लो वर्षमा यतिवेला ८० देखि ८५ प्रतिशत बुकिङ् हुने गर्दथ्यो। अहिले पनि ८० प्रतिशतसम्म बुकिङ पुगेकोमा एकाएक कोरोनाको दोस्रो लहर आएपछि होटल व्यवसाय प्रभावित भएको उहाँको भनाइ छ।

हिजो आजका धेरै कार्यक्रम रद्द भएका छन्। उहाँले भन्नुभयो “मेरै होटलमा मंगलबारबाट चार दिनसम्म हुने भनेको कार्यक्रम स्थगित भयो।” हाल सौराहा सुनसान हुँदै गएको छ। अहिले सौराहामा पाँच प्रतिशत हाराहारी मात्र अकुपेन्सि रहेको छ। “अब मजदूरलाई के गर्ने ? ऋण कसरी तिर्ने ? सबैको चिन्ता यही छ।” उहाँले भन्नुभयो।

युनिक वाइल्ड रिसोर्टमा यही वैशाख १२ गतेदेखि पूर्वनिर्धारित एमआरका दुइवटा कार्यक्रम कोभिडको त्रासले रद्द भयो। रिसोर्टका सञ्चालक गुणराज थपलियाका अनुसार वैशाख ११ र १२ गतेकालागि तय भएको अन्तरराष्ट्रिय क्लवको कार्यशाला पनि रद्द भएको छ। उहाँले एकाएक कोरोना बढेपछि होटल पूर्ण रुपमा प्रभावित भएको बताउनुभयो। उहाँले भन्नुभयो “कोरोनाको पहिलो लहरको प्रभाव न्यूनिकरण हुन नपाउँदै दोस्रो देखिएसँगै निराशा पैदा भएको छ।”

सौराहामा पछिल्लो समय वीरगञ्ज, विराटनगर, काठमाडौंलगायतका शहरबाट आएर विवाह गर्ने प्रचलन पनि बढ्दै गएको थियो। कोरोनाको कहरले यसलाई पनि असर गरेको छ। भारतसमेत विवाहका लागि सौराहा आउने क्रम शुरु भएको थियो। जङ्गल क्राउनका सन्तोष गिरीले बुकिङ् भएको विवाह पनि स्थगित भएको जानकारी दिनुभयो।

क्षेत्रीय होटल सङ्घका निवर्तमान अध्यक्ष सुमन घिमिरे पहिलो चरणको कोरोनाको प्रभाव जेनतेन व्यवस्थापन गर्न नपाउँदै अप्ठ्यारो स्थिति आएको गुनासो गर्नुहुन्छ। सबै होटल पूर्ववत् अवस्थामा आएसँगै फेरी कोरोना बढेपछि प्रभावित भएको उहाँको भनाइ छ। उहाँले भन्नुभयो “सबै बुकिङ् रद्द भए। हाम्रो उत्साह हराएर गयो।” कोभिडको प्रभावसँगै आन्तरी क पर्यटकलाई लक्षित गरी आँफूले व्यवसाय पूर्ववत् अवस्थामा पुऱ्याएको बताइएको छ।

व्यवसायीका अनुसार सौराहामा ११५ होटल सञ्चालनमा रहेका छन्। ती होटलमा छ हजारभन्दा बढी बस्न सक्ने क्षमता रहेको छ। सौराहाको पर्यटन व्यवसायमा मात्र रु ३३ अर्वभन्दा बढिको लगानी भएको व्यवसायी बताउछन्। यहाँ पाँच हजारभन्दा बढीले प्रत्यक्ष रोजगारी पाएका छन्। कोरोनाले होटल व्यवसायमा पार्ने प्रभावसँगै यसको लगानीको जोखिम र यसमा आश्रितको रोजगारीको समस्यासमेत हुने उहाँ बताउनुहुन्छ। कोरोनाको प्रभाव बढेसँगै सांस्कृतिक घर बन्द गरिएको छ। अन्य गतिविधि पनि क्रमश प्रभावित हुँदै गएका छन्। मुख्यरुपमा चितवन राष्ट्रिय निकुञ्जमा वन, वन्यजन्तु र चराचुरुङ्गीसँग रमाउन स्वदेशी र विदेशी पर्यटक यहाँ आउने गर्दछन्।

पुरानो रोगको उपचारका लागि सम्पर्क गरौं।

होमियोप्याथिक रिसर्च इन्स्टिच्युट

डा. सुशील मोहन दास

(बी.एच.एम.एस)

सिरहा रोड, राजविराज फोन : ०३१-५२१९६८

डा. ललन प्रसाद रौनियार

Dr. Lalan Prasad Rauniyar

MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338

कन्सलटेन्ट बाल रोग विशेषज्ञ

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. दिनेश उप्रेती

Dr. Dinesh Upreti

MBBS, MD Internal Medicine (BPKIHS, Dharan), NMC Reg. No. : 13141

कन्सलटेन्ट फिजिसियन

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

डा. पारसमणि शाह

Dr. Parasmani Shah

MBBS (BPKIHS), MD (BPKIHS, Dharan)

NMC Reg. No. : 13297

दुखाई विशेषज्ञ

Anaesthesiology & Critical Care Medicine

सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज

Mo. No : 9842830252, 9804605569

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जँगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने। पोखरीको डिल र साईडमा भएका झारपात हटाउने। आबश्यकता अनुसार मर्मत सम्भार गर्ने।

**घर पोतने चुना :**१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने।

**मल:** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने। उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ। कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर)।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिँग ५–६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ। तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी–१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी–२ | स्टोकिङ्ग डेन्सिटी–३ | स्टोकिङ्ग डेन्सिटी–४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रह | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लाटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुंको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

मोवाईल नं. ९८५२८२०९३५

# ‘सार्वजनिक यातायातमा स्वास्थ्य मापदण्ड पालना गराउन कठिन’

काठमाडौँ, १४ वैशाख (रासस)।

सार्वजनिक यातायातमा सिट क्षमताभन्दा बढी यात्रु नराख्ने, यात्रुले अनिवार्य मास्क लगाउनुपर्ने, स्वास्थ्य मापदण्ड पालना गर्दै स्यानिटाइजरको व्यवस्था गर्नुपर्ने व्यवस्था पूर्णरुपमा कार्यान्वयन हुन सकेको छैन। धेरैले स्वास्थ्य मापदण्ड पालना गर्ने तर केही व्यक्तिले लापरवाही गर्नाले सार्वजनिक यातायात चढ्ने यात्रुमा कोरोना सङ्क्रमणको उच्च जोखिममा पर्ने खतरा बढेको छ। सार्वजनिक यातायातमा कोरोनाबाट बच्न जारी स्वास्थ्य मापदण्ड पूर्णरुपमा कार्यान्वयन नहुँदा अनुगमन प्रभावकारी हुन नसकेको यात्रुको गुनासो छ।

उपत्यकाको भित्री भाग विशेष गरी चक्रपथभित्र चल्ने सार्वजनिक यातायातमा स्वास्थ्य मापदण्ड बढी पालना भएको देखिए पनि उपत्यकाको काठ क्षेत्र एवं लामो दूरीका सवारीमा पालना हुन नसकेको ललितपुर बुङ्मतीका यात्रु जयराम महर्जनले गुनासो गर्नुभयो। उपत्यकाको मुख्य भागमा चल्ने सवारीमा मापदण्डअनुसार नै यात्रु चढेको देखिए पनि काठ क्षेत्रमा चल्ने यातायातमा बिहान कार्यालय र बेलुका कार्यालय फर्कने समयमा भीड हुने गरेको छ।

सार्वजनिक यातायातमा मास्क नलगाउने यात्रुलाई मास्क दिएर मात्र यात्रा गराउनुपर्ने नियम सरकारले बनाए पनि प्रहरी कार्यालय आएपछि मात्र परिचालकले ‘कसैले मास्क लगाउनुभएको छैन कि ?’ भनी सोध्ने गरेका छन्। यात्रु चढ्ने बेलामै मास्क लगाएर मात्र यात्रा गर्नुस् भनेको नदेखिएको रत्नपार्कबाट भक्तपुरको कमलविनायक यात्रा गरिरहनुभएकी यात्रु सविना कोजुले सुनाउनुभयो। सबै तहका सरकारले कानून बनाउने तर कार्यान्वयनमा ध्यान नदिने गरेकाले महामारीका बेला कोरोना जोखिम उच्च भएको उहाँको भनाइ छ।

स्थानीय तहमा उपप्रमुखको संयोजकत्वमा अनुगमन समितिको व्यवस्था भए पनि प्रभावकारी रुपमा काम गर्न नसक्दा सार्वजनिक यातायातमा स्वास्थ्य मापदण्ड पालना हुन नसकेको हो। स्थानीय सरकारले स्थानीय मार्गमा चल्ने सार्वजनिक यातायातमा अनुगमन गरेर नियमन गर्न नसक्ने देखिएको यात्रु कोजुको गुनासो छ। स्थानीयस्तरमा चिनिने भएकाले भावी निर्वाचनमा प्रभाव पर्न सक्ने डरले पनि उपप्रमुख नेतृत्वको अनुगमन समितिको प्रभावकारी हुन नसकेको हो। उपप्रमुख आगामी निर्वाचनका स्वाभाविक रुपमा प्रमुखको दावेदार हुने र अनुगमन एवं कारवाहीको प्रक्रियामा जाँदा चुनावको माहोल बिग्रने विश्लेषणले काम नभएको यात्रुको विश्लेष्ण छ।

स्थानीय तहका अनुगमन समितिले बजार अनुगमन गर्नुपर्नेमा त्यो हुन सकेको छैन। उपभोग्य वस्तुको विना कारण मूल्य वृद्धि भइरहँदा पनि अनुगमन समिति मूकदर्शक मात्र बन्ने गरेको उपभोक्ता मञ्चका सदस्य रोशन पोखरेलले बताउनुभयो। पछिल्लो समय तेल, तरकारीलगायत खाद्यपदार्थको मूल्य एकाएक बढेको छ।

**केन्द्रीयस्तरमा थोरै अनुगमन टोली**

केन्द्रीयस्तरबाट यातायातको अनुगमन यातायात व्यवस्था विभाग, जिल्ला प्रशासन कार्यालय र वाणिज्य विभागले गर्ने गरेकामा त्यस्तो अनुगमन भएको नदेखिएको यात्रुको भनाइ छ। यस्ता निकायले प्रत्येका दिन गर्ने अनुगमन र प्राप्त तथ्य आफ्ना वेबसाइटमार्फत सार्वजनिक गर्ने व्यवस्था गरिनुपर्ने यात्रु सरिना विश्वकर्माको माग छ।

यातायात व्यवस्था विभागका सूचना अधिकारी डा लोकनाथ भुसाल भने सार्वजनिक यातायातमा स्वास्थ्य मापदण्ड पालना भए नभएको अनुगमन भइरहेको दावी गर्नुहुन्छ। मंगलबार पनि कोटेश्वर क्षेत्रमा चल्ने सार्वजनिक यातायातमा अनुगमन भइरहेको उहाँले सुनाउनुभयो। विभागले गर्ने अनुगमनमा ट्राफिक प्रहरी सहभागी हुने गरेको छ।

विभागको अनुगमन टोली खटिने गरे पनि एउटै मात्र हुने भएकाले धेरैतिर गर्न कठिनाइ पर्ने गरेको छ। उपत्यकाका सबै स्थानीय तहका अनुगमन समितिलाई सक्रिय गराएर सार्वजनिक यातायातको अनुगमन गर्न पनि यात्रुले विभागको ध्यानाकर्षण गराउने गरेका छन्। विभागले अनुगमनका क्रममा सिट क्षमताभन्दा बढी यात्रुलाई झार्ने गरेको छ।

अनुगमनका क्रममा अवस्था हेरी रु १०० देखि रु एक हजारसम्म जरिवानासमेत गर्ने गरिएको विभागले जनाएको छ। मास्क नलगाई सार्वजनिक यातायातमा यात्रा गर्नेलाई पनि रु १०० जरिवाना गरिएको सूचना अधिकारी भुसालले बताउनुभयो।

**‘आफ्नै स्वास्थ्यको ख्याल गर्दैनन् यात्रु’**

सरकारले वैशाख १६ गतेदेखि उपत्यकाका तीनवटै जिल्लामा निषेधाज्ञा जारी गर्ने निर्णय गरेपछि मंगलबार बिहानैदेखि धेरै सार्वजनिक यातायात राजधानीबाट बाहिरिएका छन्। तर यी सवारीमा पनि पूर्णरुपमा स्वास्थ्य मापदण्ड पालना हुन सकेको छैन। महानगरीय ट्राफिक प्रहरी महाशाखाका प्रवक्ता श्यामकृष्ण अधिकारी सोमबारदेखि नै आइतबारको भन्दा बढी यात्रु उपत्यका बाहिर गएको तथ्याङ्क प्राप्त भएको बताउनुहुन्छ।

उपत्यका बाहिर लामो रुटमा चल्ने प्राय : सार्वजनिक यातयातले सिट क्षमताभन्दा बढी यात्रु चढाउँदैनन्। उपत्यकासँग जोडिएका जिल्लामा भने अलि बढी नै यात्रु हालेर लगेका छन्। केही यात्रुले भने आफ्नो स्वास्थ्यलाई प्रभाव पर्ने भएपनि मास्क नलगाएको देखिएको प्रवक्ता अधिकारीले सुनाउनुभयो। ट्राफिक प्रहरीको अभिलेख अनुसार मंगलबार बिहान पनि उपत्यकाबाट बढी सवारी बाहिरिएका छन्।

“उपत्यकामै रत्नपार्कबाट दक्षिणकाली रुटमा चल्ने सार्वजनिक यातायातलाई सिट क्षमताभन्दा बढी यात्रु नराखभन्दा बस चालक नै छाडे, सबैको स्वास्थ्यका लागि मापदण्ड पालना गराउन खोज्दा पनि समस्या आउने गरेको छ”, उहाँले भन्नुभयो।

पटकपटक सचेत गराउँदा पनि सार्वजनिक यातायातमा तोकिएको मापदण्ड पालना नगराउने सार्वजनिक यातायातलाई कारवाही गरिएको महानगरीय ट्राफिक प्रहरी महाशाखाले जनाएको छ।

**:स्बसपार्क वरपरका पैदलमार्ग बजार कायमै**

राजधानीमा पुरानो बसपार्क वरपरका पैदलमार्ग बेलुकी व्यापारीले ढाकेका हुन्छन्। बेलुकीको बजार हेर्दा लाग्छ देशमा कुनै रोगको महामारी नै छैन। बेलुकी सवारी चढ्न पैदलमार्ग भएर जाने यात्रुले बाटो पाउँदैनन्। सुन्धाराबाट पुराना बसपार्क, रत्नपार्कको वरिपरि र राष्ट्रियसभा गृहबाट पुराना बसपार्कसम्मको दुवैतर्फका पैदलमार्ग व्यापारीले भरिभराउ हुन्छन्।

यहाँ २५ जनाभन्दा बढी भेला हुन नपाउने मापदण्ड कार्यान्वयन हुन नसकेको सार्वजनिक यातायात चढ्न रत्नपार्क जाँदै गर्नुभएका टीकाथलीका यात्रु रामकृष्ण गुरागाईंले गुनासो गर्नुभयो। बस चढ्न पैदलमार्गमा हिँड्दै सङ्क्रमण फैलने डर भएको उहाँको भोगाइ छ। पुराना बसपार्क क्षेत्र रहेको काठमाडौँ महानगरपालिका वडा नं. २८ का अध्यक्ष भाइराम खड्गी कोभिडसम्बन्धी विषयमा छलफल गर्न मंगलबार बोर्ड बैठक बस्न लागेकाले यस विषयमा कुरा राख्ने तयारी गरेको बताउनुहुन्छ। पैदलमार्ग व्यापारीका कारण पुरानो बसपार्क क्षेत्रमा दूरी कायम गर्न नसकिने अवस्था रहेको उहाँले स्वीकार्नुभयो।

# चिया निर्यातमा वृद्धि

काठमाडौँ, १४ बैशाख (रासस)।

कोरोना भाइरस संक्रमणको महामारीका बीच पनि चियाको निर्यातमा उल्लेखनीय वृद्धि भएको छ।

आर्थिक वर्ष २०७६/०७७ मा रु दुई अर्ब ७८ करोड बराबरको ११ हजार १८५ मेट्रिक टन चिया निर्यात भएकोमा चालू आर्थिक वर्षको नौ महिनाको अवधिमै रु तीन अर्ब छ करोड बराबरको नौ हजार ५७० मेट्रिक टन चिया निर्यात भएको भन्सार विभागको तथ्याङ्ले देखाएको छ।

त्यस्तै राष्ट्रिय चिया तथा कफी विकास बोर्डको तथ्याङ्कअनुसार आव २०७५/०७६ मा २५ हजार २०५ मेट्रिक टन चिया उत्पादन हुँदा आव २०७६/०७७ मा २४ हजार ११८ मेट्रिक टन चिया उत्पादन भएको थियो।

गत वर्ष कोरोना महामारीले धेरै क्षेत्रमा नकारात्मक असर परे पनि अन्य क्षेत्रको तुलनामा नेपालको चिया क्षेत्रले त्यति धेरै क्षेति व्यहोर्नु परेन। लकडाउनका बीच पनि स्वास्थ्यसम्बन्धी मापदण्ड पालना गरी बोर्डको अग्रसरतामा चिया बगान र उद्योग सञ्चालनमा रहेका थिए। यस समयमा अन्य बाली एवं वस्तुको उत्पादनमा गिरावट आउँदा पनि चियाको निर्यातमा उल्लेखनीय वृद्धि भएको बोर्डका कार्यकारी निर्देशक डा विष्णुप्रसाद भट्टराइले जानकारी दिनुभयो।

बोर्डले वैशाख १५ गते ‘स्वदेशमा उत्पादित चिया पिउने गरौँ, स्वस्थ, समृद्ध र आत्मनिर्भर बनौँ’ भन्ने नाराका साथ राष्ट्रिय चिया दिवसको २५ औँ संस्करण मनाउँदैछ। नेपालले धेरै उपभोग्य वस्तु आयात गर्नुपरेको परिप्रेक्ष्यमा मुलुकलाई आवश्यक पर्ने चिया आफैँ उत्पादन गरी आत्मनिर्भर भएको पनि धेरै भइसकेको छ।

स्वदेशमा चिया उपभोग गरी बढी भएको उत्पादन भारतलगायतका तेश्रो मुलुकमा निर्यात भइरहेको छ। नेपाली चियाको खपत वार्षिक २०० ग्राम प्रतिव्यक्ति भन्दा कम रहेको अनुमान गरिन्छ। छिमेकी मुलुक भारतमा भने वार्षिक ३३० ग्राम प्रतिव्यक्ति खपत रहेको छ।

आन्तरिक खपत वृद्धि गर्न निर्यातका अलावा स्वदेशी बजार विस्तारमा चिया उद्यमी र सरोकारवाला लाग्नुपर्ने उहाँको भनाइ छ। चियामा पाइने थिफलाबिन तत्वले कोरोना भाइरसको असरलाई समेत रोक्न सहयोग पुग्ने चिया अनुसन्धान संघले जनाएको छ।


**सूचना**

**नोभल कोरोना भाईरस (कोभिड-१९) रोगको संक्रमणबाट बच्न अत्यावश्यक कामबाहेक सीमावर्ती क्षेत्रमा आवतजावत नगर्नु हुन सम्पूर्ण नेपाली नागरिकहरुलाई सूचित गरिन्छ।**

**नेपाल सरकार**
**सञ्चार तथा सूचना प्रविधि मन्त्रालय**
**सूचना तथा प्रसारण विभाग**


## विश्व समाचार

### भारतमा एक दिनमा तीन लाख २३ हजारभन्दा बढी कोरोना सङ्क्रमित

नयाँ दिल्ली, १४ वैशाख (रासस/सिन्ह्वा)।

भारतमा गत २४ तीन लाख २३ हजारभन्दा बढी नागरिक कोरोना भाइरस सङ्क्रमित भेटिएका छन्।

एकै दिन तीन लाखभन्दा बढी कोरोना भाइरस सङ्क्रमित भेटिएका यो छठौँ दिन भएको बताइएको छ। कोरोना महामारी शुरु भएयता विश्वमा भएका सङ्क्रमणको तुलनामा यो ठूलो सङ्ख्या भएको सरकारी तथ्याङ्कले जानकारी दिएको छ।

यसैगरी यहाँ गएको २४ घण्टायता दुई हजार ७७१ जनाको ज्यान गएको छ। त्यसैसँगै भारतमा यो सङ्क्रमणबाट मात्र एक लाख ९७ हजार ८९४ व्यक्तिको निधन भइसकेको छ।

यसरी भारतमा अहिलेसम्ममा यो सङ्क्रमणबाट एक करोड ७६ लाख ३६ हजारभन्दा बढी व्यक्ति सङ्क्रमित हुनपुगेका बताइएको छ।

भारतमा हाल २८ लाख ८२ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका छन्। भारतमा हालसम्म एक करोड ४५ लाख ५६ हजारभन्दा बढी कोरोना मुक्त भएका छन्।

भारतमा गत जनवरी १६ देखि कोरोना भाइरसविरुद्ध खोप अभियान शुरु भएको थियो सो समयबाट अहिलेसम्म भारतमा १४ करोड ५० लाख ११ हजारभन्दा बढी व्यक्तिले खोप लगाएका छन्। कोरोना भाइरसको महामारी फैलिने क्रम एकातिर चलिरहेको छ भने अर्कोतर्फ कोरोनाभाइरस विरुद्धको खोप चलाउने क्रम पनि चलिनै रहेको छ।

भारतमा अहिले कोभिसिल्ड, कोभ्याक्सिन र स्पुट्निक भी गरी तीन प्रकारका खोपको प्रयोग भइरहेको सरकारी निकायले जनाएका छन्। रुसले विकास गरेको स्पुट्निक भी भने गत अप्रिल १२ देखि मात्रै लगाउन थालिएको अधिकारीले जानकारी दिएका छन्।

भारतमा सोमबार मात्रै १६ लाख ५८ हजार ७०० जनाको कोरोना परीक्षण गरिएको भारतीय स्वास्थ्य अनुसन्धान परिषद्ले जनाएको छ। अप्रिल २६ सम्म कूल २८ करोड ९७ लाख २१ हजारभन्दा बढीले कोरोना परीक्षण गरिसकेको पनि परिषद्ले उल्लेख गरेको छ।

भारतको राष्ट्रिय राजधानी दिल्ली सबभन्दा धेरै कोरोना प्रभावित राज्यका रुपमा रहेको छ। यहाँ सोमबार एकैदिनमा २० हजार २०१ जना थप व्यक्ति कोरोना भाइरस सङ्क्रमण देखिएको र ३८० जनाको मृत्यु भएको छ। दिल्ली कोरोना शुरु भएदेखि हालसम्म यसको सङ्क्रमणको कारण १४ हजार ६२८ व्यक्तिको मृत्यु भएको छ।

### जापानमा कोभिड-१९ को संक्रमणबाट मृत्यु हुने दश हजार जनाभन्दा बढी

टोकियो, १४ वैशाख (रासस/सिन्ह्वा)।

जापानमा त्यहाँको सरकारले तेस्रो पटक सङ्कटकाल घोषणा गरेको दोस्रो दिन सोमबार सार्वजनिक गरिएको तथ्याङ्कमा यहाँका सङ्क्रमितमध्ये अहिलेसम्ममा १० हजार जनाको ज्यान गएको बताइएको छ।

यहाँ सङ्क्रमणको घोषणा गरेपछिको दोस्रो दिनमै सोमबार मात्र यहाँ कोरोना भाइरसबाट सङ्क्रमितको सङ्ख्या झन धेरै देखिएको बताइएको थियो। यहाँ अहिलेसम्ममा पाँच लाख ६६ हजार जनाभन्दा बढी नागरिक सङ्क्रमित भएका बताइएको छ। यहाँका अधिकारीले पछिल्ला केही हप्तामा जापानमा सङ्क्रमण हुने र मृत्यु हुने दर बढिरहेको पनि बताएका छन्।

जापानका स्वास्थ्यमन्त्री र स्थानीय सरकारका अधिकारीले मंगलबार दिएको जानकारीअनुसार आजसम्ममा यहाँ यो सङ्क्रमणबाट मृत्यु हुने दश हजार जना पुगेका छन्।

जापानको राजधानी टोकियो र त्यसपछि यहाँका पश्चिमी प्रान्त सहर ओसाका, क्योटो र ह्योगोमा यहाँका प्रधानमन्त्री याशिहिदे सुगाले आइतबार सङ्कटकालको घोषणा गर्नुभएको थियो।

सो सङ्कटकालपछि यहाँ सोमबार मात्र कम्तीमा तीन हजार ३०० जना जतिमा यो सङ्क्रमण देखिएको बताइएको छ।

राजधानी टोकियोसहित कोरोना भाइरसबाट बढी प्रभावित अन्य सहर कानागावा, सैतामा, चिबा, ओसाका, ह्योगो र फुकुओकामा लागु गरिएको हो।

यहाँ कोरोना विरुद्धको खोपको काम भने निकै ढिला भएको बताइएको छ। यहाँका अधिकारीले कारोनाको खोप दिन ढिला गरिरहेकोले आलोचना पनि भइरहेको बताइएको छ।

### अमेरिकाले अरु देशलाई खोप उपलब्ध गराउने

वासिङ्टन, १४ वैशाख (रासस/सिन्ह्वा)।

आस्ट्राजेनेकाको कोरोनाभाइरस खोप अरू देशलाई सहयोगस्वरुप उपलब्ध गराउने बताएको छ। अमेरिकाको खाद्य तथा औषधि नियामक निकायले यस खोपसम्बन्धी सुरक्षा मूल्याङ्कन गरेपछि सो खोप विश्वका केही देशलाई दिने भएको ह्वाइटहाउसद्वारा प्रकाशित विज्ञप्तिमा जनाइएको छ।

सो विज्ञप्तिका अनुसार अमेरिकाले करिब छ करोड मात्राको खोप केही महिनाभित्र निर्यात गर्न सक्ने बताइएको छ। विश्वभरि आस्ट्राजेनेकाको खोप प्रयोग भइरहेको भए पनि अमेरिकाको फुड एन्ड ड्रग एडमिनिस्ट्रेसन (एफडिए)ले सो खोपलाई भने अझै पनि स्वीकृति दिएको छैन।

विश्वका कतिपय देश र सङ्घसंस्थाले अमेरिकाले ठूलो संख्यामा खोप राखेको बताइएको छ। यसकारण पनि अमेरिकाको आलोचना भइरेहको बताइएको छ। उता अमेरिकी राष्ट्रपति जो बाइडेनका प्रमुख मेडिकल सल्लाहकारले अमेरिकाले आस्ट्राजेनेका खोप प्रयोग गर्ने निश्चित नभएको बताउनुभएको छ।

अघिल्लो महिनामा मात्र राष्ट्रपति बाइडेनले मेक्सिको तथा क्यानडालाई ४० लाख मात्रा आस्ट्राजेनेका खोप दिने वाचा गर्नुभएको थियो। यी दुई देशले भने आस्ट्राजेनेकाको प्रयोगलाई अनुमति दिएका छन्।

अमेरिकाका छिमेकी देश क्यानडा र मेक्सिको तथा अन्य दर्जनौँ देशले पनि अमेरिकी खोपको आपूर्तिमा पहुँच पाइयोस भनेर अनुरोध पनि गरिरहेका छन्।

# सबै अस्पताललाई बहिरङ्ग सेवा स्थगन गर्न निर्देशन

काठमाडौँ, १४ वैशाख (रासस)।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले सबै अस्पताललाई बहिरङ्ग सेवा बन्द गर्न निर्देशन दिएको छ।

मन्त्रालयले मंगलबार सबै अस्पताललाई पत्र लेख्दै कोभिड-१९ को दोस्रो लहर बढेकाले उपचारको व्यवस्थापन गर्नका लागि हाललाई बहिरङ्ग र इलेक्टिभ सर्जरी सेवालाई स्थगित गर्न निर्देशन दिएको हो।

मन्त्रालयका सहप्रवक्ता डा समीरकुमार अधिकारीले ती सेवा बन्द गरे पनि आकस्मिक सेवा भने सुचारु राख्न भनिएको जानकारी दिनुभयो। मंगलबार एकै दिन ४ हजार ५ सय २४ जना कोरोना संक्रमित भएको र १८ जनाको निधन भएको छ।

उहाँले कुनै पनि चिकित्सक तथा स्वास्थ्यकर्मीलाई लामो समय बिदा नदिन र यसअघि लामो बिदामा बसेका कर्मचारीलाई तुरुन्त कार्यालयमा हाजिर हुन पत्राचार गर्नसमेत निर्देशन दिएको बताउनुभयो। मन्त्रालयले कार्यरत जनशक्तिमध्ये ५० प्रतिशत जनशक्तिको आलोपालो निर्धारण गरी सेवा व्यवस्थापन गर्न भनिएको छ।

यस्तै मन्त्रालयले अस्पतालको स्वीकृत दरबन्दीअनुसार कुनै पद रिक्त भएमा तत्काल जनशक्ति व्यवस्थापन गर्ने र रिक्त दरबन्दी भए छ महिना करारमा लिनसमेत भनिएको छ। मन्त्रालयले सघन उपचार कक्ष (आइसियु) तथा आकस्मिक उपचारसम्बन्धी औजार र अक्सिजनको व्यवस्थापन गर्नसमेत सबै अस्पताललाई निर्देशन दिएको छ।

# पेस्तोल सहित एक व्यवसायी पक्राउ

**दैनिक समाचारदाता**
**विराटनगर, १४ बैशाख।**

मोरङको बिराटनगर महानगरपालिका ७ बाट पेस्तोलसहित एक व्यापारी पक्राउ परेका छन्।

पक्राउ पर्नेमा सुनसरीको ईटहरी उप-महानगरपालिका-१७ घर भई उक्त स्थानमा आर.एम.टेडर्स हाडवेयर पसलका संचालक २३ बर्षीय सुजित साह रहेका छन्।

आईतवार राती ८ बजेको समयमा राजश्व अनुसन्धान कार्यालय ईटहरी सुनसरी तथा जिल्ला प्रहरी कार्यालय मोरङबाट खटिएको संयुक्त टोलीले चेकजाँच गर्ने क्रममा साहले लुकाई छिपाई राखेको अवस्थामा एक थान कट्टुवा पेस्तोल र सोही पेस्तोलमा लाग्ने २ राउण्ड गोली बरामद गरेको थियो।

हतियार सहित पक्राउ परेका साहको सम्बन्धमा प्रहरी थप अनुसन्धान गरिरहेको छ।

# त्रिभुवन विमास्थलबाट तेस्रो मुलुक प्रस्थानमा प्रतिबन्ध

काठमाडौँ, १४ वैशाख (रासस)।

सरकारले त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट तेस्रो मुलुक प्रस्थान गर्ने उद्देश्यले नेपाल आउन र उक्त विमानस्थललाई पारवहनका रुपमा प्रयोग गरी अन्य गन्तव्यतर्फ यात्रा गर्न रोक लगाएको छ।

नयाँ प्रकारको कोभिड-१९ को बढ्दो जोखिमलाई दृष्टिगत गरी यही वैशाख १५ गते मध्यरातदेखि लागू हुने गरी उक्त विमानस्थलबाट अन्य गन्तव्यतर्फ यात्रा गर्न रोक लगाइएको अध्यागमन विभागले जनाएको छ। त्रिभुवन विमानस्थललाई अन्तिम गन्तव्य बनाएर विदेशबाट आउन तथा उक्त विमानस्थलबाट विदेश जान पाउने व्यवस्थामा भने कुनै फेरबदल नगरिएको पनि उक्त विभागले जनाएको छ।

# प्रहरी प्रधान कार्यालयमा ४५ जनामा कोरोना पुष्टि

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ बैशाख।**

नेपाल प्रहरीको प्रधान कार्यालय काठमाडौं नक्सालमा पनि कोरोना संक्रमण देखिन थालेको छ।

कार्यालयमा विभिन्न तहका प्रहरी कर्मचारीहरुमा कोरोना पुष्टि भएको हो। हेडक्वार्टरमा कार्यरत ४५ जनामा कोरोना पुष्टि भएको बताइएको छ।

पहिलो चरणमा समेत प्रहरी हेडक्वार्टरमा सयौँलाई संक्रमण देखिएको थियो। पहिलो चरणमा कोरोना संक्रमणबाट ६ जना प्रहरीको ज्यान गएको थियो। अहिले देशभर भने ९३ प्रहरीमा संक्रमण देखिएको प्रहरीले जनाएको छ।

# ब्राउनसुगरसहित दुई युवा पक्राउ

उदयपुर, १४ वैशाख (रासस)।

उदयपुर जिल्लाको त्रियुगा नगरपालिकास्थित गाईघाट बजारबाट ब्राउनसुगरसहित दुई युवालाई प्रहरीले पक्राउ गरेको छ।

त्रिनपा-३ मिलनचोकका ३४ वर्षीय श्यामकुमार चौधरी र सोही स्थान बस्ने अर्का २८ वर्षीय रेवत खातीलाई प्रहरीले पक्राउ गरेको छ।

सोमबार बेलुकी त्रिनपा-३ को मिलनचोकको एक स्थानमा ब्राउनसुगर कारोबार हुँदैछ भन्ने गोप्य सूचनाका आधारमा प्रहरीले सम्बन्धित स्थानमा छापा मार्दा २०० ग्राम ब्राउनसुगरसहित ती दुई युवकलाई जिल्ला प्रहरी कार्यालय उदयपुरले पक्राउ गरेको प्रहरीले बताएको छ।

ब्राउनसुगरसहित पक्राउ गरिएका दुवैलाई जिल्ला प्रहरी कार्यालयको हिरासतमा राखेर अनुसन्धान शुरु गरिएको उदयपुरका प्रहरी प्रमुख भीमप्रसाद दाहालले बताउनुभयो।

# जलस्रोत तथा सिंचाईमन्त्री रायमाझी संक्रमित

**दैनिक समाचारदाता**
**काठमाडौं, १४ बैशाख।**

गृहजिल्ला अर्घाखाँचीबाट फर्के लगत्तै उर्जा, जलस्रोत तथा सिंचाईमन्त्री टोपबहादुर रायमाझीलाई कोरोना संक्रमण पुष्टि भएको छ।

गृहजिल्ला अर्घाखाँचीमा भएको एक कार्यक्रममा सहभागी भएर काठमाडौं फर्किए लगत्तै मन्त्री रायमाझीलाई कोरोना संक्रमण पुष्टि भएको हो।

उनलाई सोमबार कोरोना संक्रमण पुष्टि भएको रायमाझीको सचिवालयले जनाएको छ। लक्षण सहितको कोरोना संक्रमण देखिएपछि मन्त्री रायमाझीले वीरेन्द्र सैनिक अस्पताल छाउनीमा भर्ना भएर उपचार भइरहेको छ।

# हाम्रो जिम्मेवारी : कोरोना भाइरस संक्रमण रोक्नकालागि अपनाउनु होसियारी

- कोराना भाइरस रोग स्वाँस प्रश्वाँस माध्यमबाट फैलिने संक्रमण हो।
- संक्रमित भएको ब्यक्तिले खोक्दा वा हाच्छ्यु गर्दा निस्किने थुक, खकार र सिङ्गानबाट यो भाइरस एक ब्यक्तिबाट अर्को ब्यक्तिमा सर्न जान्छन्।

**यो रोगबाट जोगिन यस्तो गर्नुपर्छ**

- खोकी वा हाच्छ्यु गर्दा मुख छोप्नुपर्छ। मुख छोपेको टिसूपेपरलाई फोहोर राख्ने भाडामा फाल्नुपर्छ।
- समय-समयमा साबुन पाइनले राम्रोसँग २० सेकेण्डसम्म मिचमिची हात धुनुपर्छ वा सेनिटाईजर हातमा लगाउनुपर्छ। कुनै ब्यक्तिसँग भेट्नुपरेमा हात मिलाउनु हुँदैन, बरू हात जोडेर नमस्कार गरौं।
- खोकी लागेको ब्यक्तिबाट दुरी बनाउनुपर्छ। यदी तपाईलाई खोकी लागेको छ भने तपाई आफु पनि अरू मान्छेबाट दुरी बनाएर बस्नुपर्छ।
- भिडभाडमा जानु हुँदैन र अरूलाई पनि भिडभाडमा जान नहुने भनि बुझाउनुस।
- आवश्यकता भएको ठाउँमा मास्कको उचित प्रयोग गर्नुहोस्।

**महत्वपूर्ण सवाल :**

- ज्वरो र खोकी लागेको र स्वाँस लिंदासमेत असहज महसुस भएमा चाँडै नजिकैको स्वास्थ्य संस्थामा सम्पर्क गर्नुपर्छ।
- कोरोना भाइरस रोगको बारेमा अरू जानकारी प्राप्त गर्न नि:शुल्क टेलिफोन नम्बर १११५ मा फोन गर्न सकिन्छ।
- कोरोना भाइरसबाट डराउनु हुँदैन, बरू सतर्कचाहिं हुनुपर्छ।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

# स्वास्थ्य सम्बन्धी आवश्यक पहलका लागि महासंघद्वारा तीन सदस्यीय समिति गठन

**दैनिक समाचारदाता**
**राजविराज, १४ बैशाख।**

नेपाल पत्रकार महासंघ सप्तरी शाखाको सम्पन्न बैठकले विभिन्न निर्णय गर्दै कोरोना माहामरीको बेला सञ्चारकर्मीहरुको स्वास्थ्य अवस्था बारेमा जानकारी लिनुका साथै आवश्यक पहलका लागि तीन सदस्यीय समिति गठन गरेको छ।

महासंघका अध्यक्ष श्रवणकुमार देवको अध्यक्षतामा सम्पन्न बैठकले महासंघका उपाध्यक्ष अम्बिका दाहालको संयोजकत्वमा सहसचिव चन्दनकुमार यादव र सदस्य विद्यानन्द राम सदस्य रहने तीन सदस्यीय समिति गठन गरेको महासंघका सचिव आरएन विश्वासद्वारा जारि विज्ञप्तिमा जनाइएको छ।

यस्तै बैठकले निवर्तमान समितिले वर्तमान समितिलाई बुझाएको आर्थिक हरहिसाब पारित गरिदैं अध्यक्ष श्रवणकुमार देव र कोषाध्यक्ष नवीनकुमार गुप्ताको संयुक्त हस्ताक्षरबाट विभिन्न बैंकहरुमा रहेका खाता परिवर्तन गर्ने, महासंघको भवनभित्र कोठा भाडा लिएकाहरुमाथि रहेको बक्यौता रकम संकलन सहित अपुग रहेका आवश्यक प्रक्रिया पूरा गरिने तथा महासंघको कार्यालयमा नयाँ कार्यालय सहयोगी नियुक्त गर्नुपर्ने भएकोले कर्मचारी आवश्यकताको सूचना प्रकाशन गर्ने निर्णय गरिएको छ।

**नेपाल पत्रकार महासंघ**
**शाखा सप्तरी**

## कर्मचारी आवश्यकता सम्बन्धी सूचना

**मिति** : १५ बैशाख २०७८

राजविराजस्थित नेपाल पत्रकार महासंघ शाखा सप्तरीको कार्यालयमा एक जना **कार्यालय सहयोगी**को आवश्यकता भएकोले उक्त पदमा इच्छुक भएका महिला-पुरुषलाई सूचना प्रकाशन भएको मितिले ५ दिन भित्र महासंघको कार्यालयमा सम्पर्क राख्न यो सूचना प्रकाशित गरिएको छ। कर्मचारी छनौट प्रक्रिया अन्तर्वार्ताबाट सम्पन्न गरिनेछ।

**पद** : कार्यालय सहयोगी
**न्यूनतम शैक्षिक योग्यता** : एसएलसी उत्तीर्ण
**तलब** : आपसी सम्झदारीमा।
**सम्पर्क समय** : दिउँसो १२ देखि ३ बजेसम्म।
**सम्पर्क स्थान** : महासंघको कार्यालय।
**सम्पर्क नम्बर** : ९८५२८२०८६७, ९८४२९५७९११

**सचिव**
आर.एन. विश्वास

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
ipay remit
CITY EXPRESS
Best Remit
PRABHU Money Transfer
IME International Money Express
himal remit हिमालरेमिट
CG Money
**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५२१०९६

**प्रकाशक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सहसम्पादक** : दीपककुमार गुप्ता (९८४१५१३२९९), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, फोन : ०३१-५२०७६८ (कार्यालय), **इमेल** : *rajbirajdainik@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*